# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists


मिति : २०७४।११।१६

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा दृढतापूर्वक उभिँदै आएको छ । लोकतान्त्रिक व्यवस्थामा सञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्रीले अदालतको अवहेलना हुन सक्दैन भन्ने महासंघको प्रष्ट धारणा रहेको छ ।

सञ्चारमाध्यममा कुन सामग्री प्रकाशन तथा प्रसारण गर्ने वा नगर्ने विषय उसको संविधान प्रदत्त अधिकार हो । नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रता सुनिश्चित गरेबाट आम सञ्चारको हक र महत्व स्पष्ट हुन्छ ।

सम्मानित सर्वोच्च अदालतले मिति २०७४ फागुन १३ गते कान्तिपुर दैनिक विरुद्ध चलिरहेको मानहानीको मुद्दामाथि दिएको आदेश नेपालको संविधानको मूल मर्म र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यताविपरीत भएकाले यसलाई सच्याउन महासंघ आग्रह गर्दछ । सञ्चारमाध्यमलाई कुनै पनि निकायबाट समाचार प्रकाशन/प्रसारण गर्नुपूर्व लगाइने बन्देज 'प्रिसेन्सरसीप' महासंघलाई मान्य हुन सक्दैन । यस्तो बन्देजका विरुद्ध महासंघ सधै दृढताका साथ उभिने छ । साथै, महासंघ पत्रकारको पेशागत सुरक्षा, सम्पादकीय स्वतन्त्रता र सञ्चारमाध्यमको आचारसंहिता पालनाप्रति सबै सञ्चारमाध्यमको सजगता र प्रतिवद्धताप्रति विश्वस्त रहेको छ ।

**रमेश विष्ट**
**महासचिव**


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org